# नेपालका लाटोकोसेरोहरू



सोम जिसी, राजु आचार्य र यादव घिमिरे

# नेपालका लाटोकोसेरोहरु



# नेपालका लाटोकोसेरोहरु


**अनुसन्धान, संकलन र लेखनः** सोम जिसी, राजु आचार्य र यादव घिमिरे

**सम्पादनः** नेत्र तामाङ

**डिजाइन :** ऋषि राम पाठक



**चित्र** (Illustrations) (**पेज नम्बर अनुसार**)**:** Malcolm Arnold (cover page), Alan Harris (6, 8, 9, 10, 11, 12, 14, 16, 18, 20, 22, 24, 26, 28, 30, 32, 34, 36, 38, 40, 42, 44, 46, 48, 50)

**नक्सा** (Map) : Manish Kokh (9)

**तस्बिरहरु** (Photographs) (**पेज नम्बर अनुसार**)ः Manshanta Ghimire (3, 4 above, 31, 39 above right), Yadav Ghimirey (4 below, 6), Raju Acharya (5, 21, 23 above right, 56 below), Chris Hartzell (7 left, 49), Neil Bowman (7 right, 10, 17 right, 32, 35 right), Rajat Bhargava (9), Gopi Sundar (11, 24), Michelle and Peter Wong (12, 13, 15, 19, 37), Shailendra Kumar Yadav/NTNC (14), Rajendra Gurung (16, 36), Prashant Pansari (17 left, 25, 27 right, 39 left), Suresh Thapa (18), Shovna Upadhyay (20, 27 left), Josheph Morlan (22), Pranjal J. Saikia (23 left), Som GC (23 below right, 30, 33, 38, 46, 47 right), Sagar Giri (26, 35 left, 47 left), John Van Der Dol (28), Bhim Ghimire (29), Christophe Bouchoux (34), Raj Prasai (39 below right), Utsab Jung Thapa (40), Leo Lee (41 left, 43 main), Hathan Chaudhary (41 right), Narayan Prasad Koju (42), Yatra Thulung (43 inset), Sonam Dorjee (44), Tashi R. Ghale (45 left, 45 above right, back cover), Ramesh Chaudhary (45 below right), Victoria Lane (51), Alan Van Norman (52), Ram Lama (55 above), Lars Peterson (55 below), Manoj Ghimire (56 above), Sagar Thapa (58)

**आर्थिक सहयोगः** प्रकृतिका साथीहरु, नेपाल तथा रुफर्ड स्मल ग्रान्ट, बेलायत

**पुस्तकको मुल्यः** निःशुल्क



**सर्वाधिकार सुरक्षितः** लाटोकोसेरो तथा हुचील संरक्षणका लागि लेखिएको यो पुस्तक प्रकाशकको स्वीकृति बिना पुनः प्रकाशन, कुनै अंशको प्रकाशन तथा यसमा रहेका तस्बिरहरुको प्रयोग गर्न पाइने छैन । सर्वाधिकार लेखकहरुमा सुरक्षित छ ।



ISBN : 9789937029391

**साभारका लागिः**

जिसी, सोम, आचार्य, राजु र घिमिरे, यादव (२०७४) नेपालका लाटोकोसेरोहरु, प्रकृतिका साथीहरु, नेपाल तथा रुफर्ड स्मल ग्रान्ट, बेलायत ।

# हाम्रो भन्नु

संसारभर पाईने करिब २२५ प्रजाति मध्ये नेपालमा हालसम्म २३ प्रजातिका लाटोकोसेरो तथा हुचील अभिलेख गरिएका छन् । यसमध्ये १ प्रजाति नेपालबाट लोप भएको हुन सक्ने अनुमान गरिएको छ भने अर्को एक प्रजातिको अभिलेख असाध्यै कम रहेको छ । साना प्रजातिलाई लाटोकोसेरो तथा ठुला प्रजातिलाई हुचील भन्ने गरिए पनि समग्रमा लाटोकोसेरो नै भनिन्छ । सामान्यतया यी चराहरु राति सक्रिय हुने तथा कराउने हुँदा ईच्छुकले सहजै देख्न सक्दैनन् । त्यसैले यिनीहरुको अवलोकन तथा पहिचानलाई सहज बनाउन यो पुस्तक तयार गरिएको हो । यस पुस्तकले लाटोकोसेरो मात्रै अवलोकन गर्न चाहनेका लागि ***‘फिल्ड गाइड’*** को काम गर्ने विश्वास गरेका छौं । यस पुस्तकमा सकेसम्म नेपालमा पाइने सबै प्रजातिका लाटोकोसेरोको कोरिएका चित्रमात्र नभई तिनका वास्तविक तस्बिर पनि समेटिएको छ । यसका साथै सबै प्रजातिका लाटोकोसेरो पाइने स्थान, बानीबेहोरा आदि समेत प्रष्ट खुलाइएको छ जुन सबैलाई सहयोगी हुने विश्वास लिएका छौं ।

यस पुस्तकमा उल्लेखित जानकारीका लागि मुख्य गरी क्रमशः दुई पुस्तक र प्रतिवेदनः नेपालका चराहरु (Birds of Nepal), विश्वका लाटोकोसेरोहरु (Owls of the World) र नेपालमा चराहरुको अवस्था (The status of Nepal's Birds: The national red list series) लाई आधार मानिएको छ । यसबाहेक चरा अवलोकनकर्ता, संरक्षणकर्मी, अनुसन्धानकर्मीहरुले उपलब्ध गराएका जानकारीहरु पनि समेटिएको छ ।

पुस्तकका लागि प्रजातिबारे सूचना दिएर सहयोग गर्ने डा. हेमसागर बराल, क्यारोल इन्स्किप, टिम इन्स्किप, हठन चौधरी, राजेन्द्र गुरुङ, कृष्ण भुषाल, मनोज घिमिरे, ऋषि बराल, आरेन्द भान रिसेन, मनशान्त घिमिरे, दिनेश गिरी, धनबहादुर चौधरी, चिरन खनाल, जीवन राईलाई विशेष धन्यवाद । संरक्षित क्षेत्रको नक्सा तयार पारी सहयोग गर्ने मनिष कोखलाई पनि विशेष धन्यवाद । पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग गर्ने रुफर्ड ग्रान्ट र प्रकृतिका साथीहरुलाई पनि धन्यवाद । अन्य सहयोगी हात र साथहरु सबैलाई मुरी मुरी धन्यवाद ।



कोचलगाँडे लाटोकोसेरो

# विषयसूची


लाटोकोसेरो कसरी चिन्ने ? ........ १

बासस्थान ........ ३

**नेपालमा पाइने लाटोकोसेरोहरु**

गोठे लाटोकोसेरो Barn Owl (Tyto alba) ........ ६

घाँसे लाटोकोसेरो Eastern Grass Owl (Tyto longimembris) ........ ८

लघुकर्ण लाटोकोसेरो Short-eared Owl (Asio flammeus) ........ १०

लेकाली उलूक Mountain Scops Owl (Otus spilocephalus) ........ १२

लोखर्के उलूक Oriental Scops Owl (Otus Sunia) ........ १४

चित्री उलूक Collared Scops Owl (Otus (bakkamoena) letia) ........ १६

हिमाली हाप्सिलो Eurasian Eagle Owl (Bubo bubo) ........ १८

हाप्सिलो Indian Eagle Owl (Bubo bengalensis) ........ २०

महाकौशिक Spot-bellied Eagle Owl (Bubo nipalensis) ........ २२

भासोलूक Dusky Eagle Owl (Bubo coromandus) ........ २४

मलाहा हुचील Brown Fish Owl (Ketupa zeylonensis) ........ २६

कैलो मलाहा हुचील Tawny Fish Owl (Ketupa flavipes)........ २८

सानो डुन्डुल Collared Owlet (Glaucidium brodiei) ........ ३०

ठूलो डुन्डुल Asian Barred Owlet (Glaucidium cuculoides) ........ ३२

डुन्डुल Jungle Owlet (Glaucidium radiatum) ........ ३४

हिमाली कोचलगाँडे Little Owl (Athene noctua) ........ ३६

कोचलगाँडे लाटोकोसेरो Spotted Owlet (Athene brama) ........ ३८

कालपेचक Brown Hawk Owl (Ninox scutulata) ........ ४०

चश्मे उलूक Brown Wood Owl (Strix leptogrammica) ........ ४२

कैलो पहाडी उलूक Himalayan Wood Owl (Strix (aluco) nivicolum) ........ ४४

कब्रार लाटोकोसेरो Mottled Wood Owl (Strix ocellata) ........ ४६


लामकाने लाटोकोसेरो Long-eared Owl (Asio otus) ........ ४८

पिङ्गल लाटोकोसेरो Oriental Bay Owl (Phodilus badius) ........ ५०

# पुस्तक प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

नेपालमा लाटोकोसेरोको बानीबेहोराको बारेमा कम अध्ययन भएकोले सबै विवरणहरु विभिन्न पुस्तकहरुबाट साभार गरिएको छ। उचाइको कोष्ठभित्र राखिएको संख्याले उक्त प्रजाति सो उचाइसम्म कहिलेकाहीँ भेटिएको भन्ने अर्थ दिन्छ। शरीरको माथिल्लो भाग भन्नाले चराको पछाडिको सबै भागलाई जनाउँछ भने तल्लो भागले छाती, पेटलाई प्रतिनिधित्व गर्दछ। प्रजातिको आवाजहरु समय, उमेर, वरपरको वातावरण अनुसार फरक पर्न सक्छ। यस पुस्तकमा प्रयोग भएका आवाजहरु प्रत्येकपल्ट नमिल्न पनि सक्छन्। प्रजाति पाइने स्थानबारे यदि संरक्षण क्षेत्रमात्र उल्लेख गरिएको भए उक्त क्षेत्रको कुन स्थानमा पाइने भनेर थाहा नभएको भनेर बुझ्नुपर्ने हुन्छ। यदि संरक्षित क्षेत्रका सबै जिल्लामा पाइएको खण्डमा जिल्लाको नाम नै लेखिएको छ।

**लाटोकोसेरोको अङ्गहरु**



# लाटोकोसेरो कसरी चिन्ने ?

लाटोकोसेरोहरु धेरै जसो बिहान, साँझ र राति मात्र सक्रिय हुन्छन् । तर केही प्रजाति भने दिउँसो पनि देखिने गर्छन् । धेरै जसो लाटोकोसेरो दिउँसो रुखको हाँगामा, प्वालमा वा पहरामा आराम गरिरहेका भेटिन्छन् । नजिकै हुँदा चिन्न सजिलै भए पनि अलि टाढा भएको अवस्थामा नाङ्गो आँखाले पहिचान गर्न गाह्रो हुन्छ । यिनको पहिचानका लागि तलका उपकरण तथा सामाग्रीहरु उपयोगी हुन्छन् ।

**१. दुरबिन तथा स्पटिङ स्कोपः** दुरबिनले टाढाको चिजहरुलाई नजिक देखाउन मद्दत गर्दछ । फिल्डमा प्रकाश बढी छिर्ने र बादल लाग्दा पनि राम्रोसँग देखिने दुरबिन चाहिन्छ । लाटोकोसेरो दिउँसो प्रायजसो घना पातहरु भएको वा घाम नलाग्ने ठाउँमा बस्ने हुनाले राम्रो दुरबिनको आवश्यकता पर्छ । यसका लागि बढी फिल्ड अफ भ्यू (Field of view) भएको दुरबिन आवश्यक हुन्छ । दुरबिन किन्दा ८x४२, १० x ४२, १०x५० लेखिएका फिल्डका लागि उपयुक्त हुन्छन् । स्वारोभ्सकी, निकोन, पेनट्याक्स, बुसनेल, ओलम्पस, लाईका आदि कम्पनीका दुरबिन तथा स्पटिङ स्कोप राम्रा मानिन्छन् ।

**२. फिल्ड गाइडः** लाटोकोसेरोको विभिन्न भागहरुलाई गाइडमा भएका चित्र/फोटोहरुसँग मिलाएर तथा लेखिएका विवरणहरु पढेर पहिचान गर्न सकिन्छ । यसका लागि 'नेपालका चराहरु' वा 'भारतीय उपमहाद्वीपमा पाईने चराहरु' नामक फिल्ड गाइड प्रयोग गर्न सकिन्छ । फिल्डमा देखिएका लाटोकोसेरोहरु, गाइडमा चित्रित लाटोकोसेरोहरुसँग जस्ताको तस्तै नमिल्न सक्छन् । नियमित अभ्यासले लाटोकोसेरोको पहिचान सहज बन्दै जान्छ । आज भोलि क्यामराबाट फोटो खिचेर पनि प्रजाति पहिचान गर्न सकिन्छ ।

**३ रेकर्डरः** लाटोकोसेरोको आवाज सुनाउँदा यिनीहरुले आवाज फर्काउँछन् । यही बेला कुन प्रजाति हो भनेर पनि पहिचान गर्न सकिन्छ । कहिलेकाँही बासस्थानमा सुनिएका आवाजहरुलाई रेकर्ड गरेर पनि पछि प्रजातिको पहिचान गर्न सकिन्छ ।

फिल्डमा देखिएका जानकारी टिपोट गर्न डायरी र कलम अनिवार्य चाहिन्छ ।

## पहिचानका लागि ध्यान दिनुपर्ने कुराहरु

दुवै आँखा अगाडि फर्किएका (Forward facing eyes) छन् (मानिस जस्तै) र बस्दा ठाडो गरेर (Upright position) बसेको छ भने सामान्यतया तिनीहरु लाटो कोसेरो हुने गर्दछन् । यसको आकार कत्रो छ, याद गर्नुपर्दछ । छेउछाउमा भएको पात वा हाँगाहरुको आधारमा कति सानो वा कति ठुलो छ भनेर यकिन गर्न सकिन्छ ।

आँखाको रंगको आधारमा पनि कुन प्रजाति हुन् भनेर छुट्याउन सहयोगी हुने भएकोले याद गर्नु पर्दछ । जस्तैः आँखा कालो छ भने कैलो पहाडी उलूक हुन सक्छ भने रातो घेराको बीचमा कालो भयो भने हाप्सिलो हुन सक्छ ।

बासस्थान पनि प्रजाति पहिचानको लागि सहयोगी

हुन सक्छन् । बस्ती नजिकै गोठे लाटोकोसेरो बस्ने गर्दछन् भने हिमाली भेगमा हिमाली हाप्सिलो पाइने गर्दछन् । खोला वा पानीको स्रोत नजिक मलाहा हुचीलहरु पाइने गर्दछन् ।

यिनको शरीरमा भएका चिह्नहरु पनि प्रजाति पहिचानका लागि सहयोगी हुन सक्छन् । कान माथितिर निस्किएको जस्तो भएकाहरु हुचीलहरु हुन्छन् । फर्कदा पछाडि पट्टि आँखा जस्तै देखियो भने सानो डुन्डुल हुन्छन् । पखेटाको तलपट्टि बीच भागमा कैलो रंगका साना साना धर्साहरु देखिए डुन्डुल हुन सक्छन् ।

**प्रयोग भएका शब्दावलीहरु**

| | |
|---|---|
| Horizontal : तेर्सो | Nape : कठालो |
| Vertical : ठाडो | Cheek : गाला |
| Facial disc : अनुहार घेरा | Throat : घाँटी |
| Tail : पुच्छर | Brown : खैरो |
| Crown : तालु | Whitish : सेतो सेतो |
| Forehead : निधार | Rufous : कैलो |
| Flank : कोखा | Grey : फुस्रो |
| Eye ring : आँखी चक्र | Buff : कैलो खैरो |
| Beak : ठुँड | Roost : आराम गर्ने ठाँउ |
| Carpal Patch : कुहिना | Neck : गर्धन |
| Underpart : तल्लो भाग (छाती र पेट) | |
| Upperpart : माथिल्लो भाग (गर्दन, ढाड र पखेटा) | |
| Feather/wing : प्वाँख/पखेटा तथा भुवाहरु | |
| Line/Bar (thin or thick) : धर्साहरु | |
| Reproductive organ : प्रजनन अङ्ग | |
| Ear tuft : कानजुरा | |
| Spot/patch : धब्बाहरु | |

# बासस्थान

लाटोकोसेरोहरु अन्टार्कटिका बाहेक सबै महादेशमा भेटिएका छन् । नेपालमा यिनीहरु तराई देखि हिमालसम्म पाईन्छन् । गोठे लाटोकोसेरो तराई तथा पहाडका बस्तीहरु नजिकै पाईन्छन् भने, हिमाली कोचलगाँडे उच्च पहाडी तथा हिमाली भेगमा पाईन्छन् ।

नेपालमा ३५ थरीका वन, ११८ थरीका पर्यावरण प्रणाली (Ecosystem), २० वटा संरक्षित क्षेत्र (Protected areas), १० वटा रामसार क्षेत्र (Ramsar sites) र ३७ वटा महत्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरु (Important bird and biodiversity area) छन् । लाटोकोसेरोको बासस्थान धैरै ठाउँमा हुन्छन्, जस्तै वन, कृषिभूमि, मानवबस्ती, सिमसार, घाँसे मैदान, उच्च पठार तथा पहराहरु । यिनै कारणले गर्दा नेपाल लाटोकोसेरोको लागि उपयुक्त रहेको छ ।

उपयुक्त बासस्थान भित्र पनि यिनीहरु रुखको टोड्को, पहरा, घरको कापमा वा छाना मुनिको भागमा बस्दछन् । गुँड लगाउदा पनि माथि उल्लेखित ठाउँहरु मध्ये कुनै ठाउँमा लगाउने

*मुस्ताङ जिल्लामा रहेको टिटी ताल ।*





*मुस्ताङ जिल्लाको यारा गाँउ नजिक रहेका पहराहरु ।*




▲ *नेपालको मध्य पहाडी क्षेत्रमा रहेका वन क्षेत्र ।*

गर्दछन् । नेपालमा पाइने धेरै जसो लाटो कोसेरो वन क्षेत्रमा बस्ने गर्छन । घाँसे लाटोकोसेरो भने भुइँमा गुँड लगाएर बस्ने गरेको पाइएको छ । कुनै कुनै प्रजाति हिउँ भएको ठाँउतिर मात्र पाईन्छन्, जुन प्रजातिहरु नेपालमा अहिलेसम्म अभिलेख भएका छैनन् । नेपालका संरक्षित क्षेत्रमा (तस्बिर हेर्नुस) बढी मात्रामा अध्ययन गरिएकाले यिनीहरुको अभिलेख पनि सोही क्षेत्रमा बढी देखिएको छ ।



▲ *रामेछाप जिल्लाको सदरमुकाम नजिकका बस्ती ।*

*नेपालका संरक्षित क्षेत्रहरु ।*




रानिः राष्ट्रिय निकुञ्ज, संक्षेः संरक्षण क्षेत्र, शिआः शिकार आरक्ष, वआः वन्यजन्तु आरक्ष



## गोठे लाटोकोसेरो Barn Owl (Tyto alba)

**अन्य नामः** सेतो लाटोकोसेरो

**उचाइः** ७५ देखि १५०० मिटरसम्म

**अनुमानित संख्याः** नेपालभर १००० भन्दा कम

**नेपालमा अवस्थाः** संवेदनशील (Vulnerable)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** नाके स्वरमा स्रि ऽऽऽऽऽऽऽऽऽऽ ख् स्रि ऽऽऽऽऽऽऽऽऽऽ ख्



**हालसम्म पाइएका स्थानहरुः** काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, पर्सा, दोलखा, सिन्धुली, सिरहा, सप्तरी, सुनसरी, मोरङ, झापा, धनकुटा, उदयपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, गुल्मी, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, दाङ, अन्नपूर्ण संरक्षण क्षेत्र ।

**चिन्ने तरिकाः** मुटु आकारको सेतो अनुहारमा कुनै चिह्न हुँदैन । आँखा प्रष्ट कालो हुन्छ । टाउको ठुलो, पुच्छर छोटो हुन्छ । खुट्टाहरु छोटा तथा





भुवादार हुन्छन् । शरीरको तल्लो भाग फिक्का सेतो हुन्छ, जसमा एकनासका काला थोप्लाहरु देखिन्छन् । माथिल्लो भागमा मसिना थोप्लाहरु (कालो र सेतो दुवै) हुन्छन् । टाउकोको बीच भागबाट नाकको माथिसम्म ठाडो धर्का देखिन्छ । घाँसे लाटोकोसेरोको तुलनामा खुट्टाहरु छोटा र उड्दा पुच्छर भन्दा बाहिर निस्कदैन । निधार माथि तालुमा घाँसे लाटोकोसेरो भन्दा फिक्का थोप्लाहरु (कालो र सेतो दुवै) देखिन्छन् । राति बत्तीको उज्यालोमा सेतो देखिने गर्छ ।

**बासस्थान:** मानवबस्ती वरपर, घरको प्वालहरु, छाना मुनी खाली ठाँउ, छोडिएका धनसार, इनार तथा ओडारमा बस्ने तथा बच्चा हुर्काउने गर्छन् ।

**शारीरिक बनोट:** बलियो पञ्जा । मध्यम आकार । लम्बाई ३६ सेमी । पखेटा फैलाउँदा (Wingspan) एक टुप्पो देखि अर्को टुप्पो सम्म ८० देखि ९५ सेमी सम्म । तौल २५० ग्रामबाट ४८० ग्रामसम्म ।

**बानी बेहोरा:** खेतबारी माथि थौरै उचाइमा उड्ने गर्छन् । हावामा अडिएर पनि आहारा खोज्न सक्छन् । साधारणतया राति सक्रिय भएपनि मौसम धुम्म परेको बेला दिउँसो पनि सक्रिय हुन्छन् । फुलबाट निस्केको १० देखि ११ महिनामा सहवासका लागि तयार हुने गर्छन् । सहवास अघि भालेले पोथी बसेको रुख वरिपरि आवाज निकाल्दै उडेर फकाउने गरेको पाइएको छ । ओथारो बस्दा लामो समय लाग्ने भएकोले सोही समयमा पोथीले प्वाँख फेर्ने गर्छन् । सामान्यतया ४-७ वटासम्म फुल पार्ने यिनीहरुले प्रशस्त आहारा भएमा वर्षको तीन चोटिसम्म प्रजनन् गर्न सक्छन् । यिनीहरुको मुख्य आहारा मुसा, सर्प, भ्यागुता, कीरा-फट्याङ्ग्रा हुने गर्दछ ।

**आयु:** प्राकृतिक बासस्थानमा १० वर्षसम्म र पालिएको अवस्थामा १७ वर्षसम्म अभिलेख गरिएको छ ।

**चुनौतीहरु:** घर नजिकै बच्चा हुर्काउँदा मुसा थुपार्ने र गन्हाउने हुनाले मानिसहरुले गुँड भत्काइदिने, अवैध चोरी शिकार र व्यापार, पोलेर खान, विषादीले आहारा प्रजातिमा असर तथा नयाँ घरहरुमा बस्ने प्वालहरुको कमी ।

**विविध जानकारी:** एक सिजनमा एक परिवारले २००० देखि ३००० सम्म मुसा खाएर मानिसलाई सहयोग गर्ने । संसारभर यसका ३० वटा उपप्रजातिको अभिलेख ।

## घाँसे लाटोकोसेरो Eastern Grass Owl (Tyto longimembris)

**उचाइ**: १५० देखि २२५ मिटरसम्म

**अनुमानित संख्या**: नेपालभर १० भन्दा कम

**नेपालमा अवस्था**: अति संकटापन्न (Critically Endangered)

**अन्तर्राष्ट्रिय अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**आवाज**: गोठे लाटोकोसेरो जस्तै तर मलिन

स्रि ऽऽऽऽऽऽऽऽऽऽऽऽ ख् स्रि ऽऽऽऽऽऽऽऽऽऽऽऽ ख्



**हालसम्म पाइएका स्थानहरु**: चितवन, बर्दिया, कञ्चनपुर ।

**चिन्ने तरिका**: झट्ट हेर्दा गोठे लाटोकोसेरो जस्तै देखिन्छ । कालो आँखा, अनुहार तथा शरीरको तल्लो भाग सेतो जसमा एकनासका गाढा खैरा थोप्लाहरु हुन्छन् । ती थोप्लाहरु गोठे लाटोकोसेरो को भन्दा प्रष्ट र केही ठूला हुन्छन् । तालु र ढाड गाढा खैरो देखिन्छ । शरीरको माथिल्लो भाग गोठे लाटोकोसेरो भन्दा गाढा खैरो हुन्छ, जहाँ प्रष्ट पहेंला पहेंला धब्बाहरु देखिन्छन् । पखेटाको टुप्पोतिर (Primaries) तीनवटा गाढा खैरा तेर्सा धर्साहरु उड्दा प्रष्ट देखिन्छन् । उड्दा पखेटाका टुप्पामुनि हल्का सुनौलो धब्बा प्रष्ट देखिन्छ । फिक्का फिक्का सेतो पुच्छरमा तीनदेखि चारवटा काला तेर्सा धर्साहरु पनि देखिन्छन् । खुट्टाहरु अलि लामा जसको माथिल्लो आधा भाग प्वाँखले ढाकिएको हुन्छ भने तल्लो भाग नाङ्गो देखिन्छ ।

सजिलै नदेखिने यो प्रजाति उडेको अवस्थामा बासस्थान मिल्ने लघुकर्ण लाटोकोसेरोसँग झुक्किन सकिन्छ । यिनको आँखा पुरै कालो हुने र तल्लो भागमा लघुकर्ण लाटोकोसेरो झैं ठाडा धर्साहरु नहुने भएकोले छुट्याउन मद्दत पुग्दछ ।

**बासस्थान**: अग्ला घाँसे मैदान ।

**शारीरिक बनोट**: गोठे लाटोकोसेरो भन्दा सानो । लम्बाई ३६ सेमी । पखेटा फैलाउँदा (Wingspan) एक टुप्पोदेखि अर्को टुप्पोसम्म १०० देखि ११६ सेमी सम्म । तौल २५० देखि ५८२ ग्रामसम्म । पोथी भालेभन्दा ठुलो तथा गह्रौं ।

**बानी बेहोरा**: जमिनमा बस्ने यो लाटोकोसेरो धेरै माथि उड्दैन । दिनभरि घाँसे मैदानभित्रका खुला







ठाउँहरुमा आराम गर्छन् । कसैले बाधा पुऱ्याए केही पर गएर फेरि घाँस वा झाडीमा लुक्ने गर्दछन् । राति सक्रिय हुने यिनीहरु कहिलेकाँही दिउँसो पनि उड्ने गर्दछन् । समूहमा शिकार गर्ने यिनीहरुले भूँईमा गुँड लगाउँछन् । यिनले ३-८ वटासम्म फुल पार्छन् र पोथीहरु मात्रै ओथारो बस्छन् । शिकार गर्ने तरिका गोठे लाटोकोसेरोसँग मिल्दछ । यिनले मुसा, छेपारो, सानो खरायो, छुचुन्द्रो, कीरा-फट्याङ्ग्राहरु खान्छन् ।

**आयुः** अध्ययन नभएको तर गोठे लाटोकोसेरोसँग मिल्ने अनुमान ।

**चुनौतीहरुः** अवैध चोरी शिकार र व्यापार, विषादीले आहारा प्रजातिमा असर, घाँसे मैदानमा आगलागी तथा गाईवस्तुको चाप ।

**विविध जानकारीः** यो प्रजाति चितवनमा पहिलो पटक सन् १९६४ मा बेच्दै गरिएको अवस्थामा अभिलेख गरिएको थियो ।



## लघुकर्ण लाटोकोसेरा] Short-eared Owl (Asio flammeus)

**उचाइ**: ७५ देखि ३३५० मिटरसम्म

**अनुमानित संख्या**: थाहा नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्था**: संवेदनशील (Vulnerable)

**अन्तर्राष्ट्रिय अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**आवाज**: अरु बेला आवाज कम निकाले पनि भालेहरुले प्रजननको बेला १३-१४ पटकसम्म उप् उप्



**हालसम्म पाइएका स्थानहरु**: झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सर्लाही, चितवन, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया, कञ्चनपुर, ताप्लेजुङ, मनाङ, दाङ, रुपन्देही, काठमाडौं, सिरहा, रौतहट, लाङटाङ राष्ट्रिय निकुञ्ज।

**चिन्ने तरिका**: मध्यम नापको, कानजुराहरु छोटा हुन्छन्। यिनको ठुँड कालो हुन्छ भने चहकिला तथा पहेंला आँखा वरिपरि कालो घेरा हुन्छ। माथिल्लो भाग तथा छातीतिर बाक्ला र ठाडा काला धर्साहरु





देखिन्छन् । हल्का पहेंलो पहेंलो सेतो (Buffish) अनुहार हुने यिनीहरुको कुइना वरपर र पखेटाका टुप्पाहरु काला-काला हुन्छन् । उड्दा पखेटाको तल्लो भाग सेतो-सेतो, कुइना नजिक कालो धब्बा र पछिल्लो किनारा सेतो देखिन्छ । पुच्छरमा ४-५ वटा काला-काला, मोटा र तेर्सा धर्साहरु हुन्छन् ।

**बासस्थान**: सिमसार, घाँसे मैदान, छरिएका झाडी तथा बुट्यान भएको खुला ठाउँ ।

**शारीरिक बनोट**: लम्बाई ३७ देखि ३९ सेमी ।

**बानी बेहोरा**: यिनीहरु प्राय दिउँसो र साँझ सक्रिय हुन्छन् । एक्लो तथा साना बथानमा पाईने यिनीहरुले भुईंमा गुँड बनाउँछन् । ५-७ वटासम्म फुल पार्छन् । प्रायजसो पोथी ओथारो बसे पनि भालेले कहिले काहीं पालो दिने गर्दछन् । शिकार गर्दा हावामा एकै ठाउँमा अडिएर आहारा खोज्ने यिनले मुसा, लोखर्के, छेपारो, चमेरो, साना चरा, कीरा-फट्याङग्रा आदि खान्छन् । यिनीहरु हिउँदमा बसाई सरेर नेपाल आउँछन् ।

**आयु**: प्राकृतिक बासस्थानमा करिब १३ वर्ष ।

**चूनौतीहरु**: अवैध चोरी शिकार र व्यापार, विषादीले आहारा प्रजातिमा असर, घाँसे मैदानमा आगलागी तथा गाईवस्तुको चाप ।

**विविध जानकारी**: उत्तरी अमेरिकामा यिनीहरु बसाईसराईको क्रममा २००० किलोमिटर टाढासम्म उडेर जाने गरेको पाइएको छ ।



## लेकाली उलूक Mountain Scops Owl (Otus spilocephalus)

**उचाइः** १५२५ देखि २७४५ मिटरसम्म (९७० मी)

**अनुमानित संख्याः** थाहा नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** बाँसुरी बजे जस्तो टाढासम्म सुनिने टूट् टूट्



**हालसम्म पाइएका स्थानहरुः** काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, मुगु, गुल्मी, ताप्लेजुङ, कास्की, लमजुङ, रसुवा, मुस्ताङ, संखुवासभा, खप्तड राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, गौरीशंकर संरक्षण क्षेत्र ।



**चिन्ने तरिकाः** यिनीहरुको कानजुरा धैरै साना हुन्छन् । ठुँड तथा नंग्रा फिक्का सेतो हुन्छन् । निधार वरपर र आँखी भौंहरु सेतो, तालु तथा गर्धन वरपर बाक्ला छिर्के मिर्के थोप्लाहरु देखिन्छन् । माथिल्लो भागमा मसिना काला ठाडा धर्साहरु र ढाडको दुवैतिर पखेटामा दुईवटा ठाडा सेता धर्साहरु जसलाई मसिना काला धर्साहरुले विभाजित गरेको हुन्छ । शरीरको तल्लो भाग फुस्रो खैरो जहाँ मसिना काला ठाडा धर्साहरु हुन्छन् भने खुट्टाहरु प्वाँखले भरिएको हुन्छ ।

**बासस्थानः** पहाडका घना चौडापाते वन ।

**शारीरिक बनोटः** लम्बाई २० सेमी । तौल ५३ देखि ११२ ग्राम ।

**बानी बेहोराः** प्राय राति सक्रिय हुने भएकोले दिउँसो देख्न गाह्रो हुन्छ । दिउँसो रुखको टोड्काहरुमा आराम गर्छन् भने साँझ परेपछि कराउन सुरु गर्छन् । यो कराउने क्रम रातै भरी पनि चल्न सक्छ । यिनीहरुले सुकेका रुखका टोड्काहरुमा तथा लाहाँचे तथा कुथुर्केले छोडेका रुखका प्वालहरुमा गुँड लगाउने गर्दछन् । यिनले २ देखि ५ वटासम्म फुल पार्छन् । पोथी ओथारो बस्छन् भने भालेले खानाको जोहो गर्दछन् । यिनीहरुले कीरा-फट्याङ्ग्रा, खपटे कीरा, झ्याँउकिरी, निशाचर पुतली, साना मुसाहरु, साना चराहरु आदि खाने गर्दछन् ।

**आयुः** थाहा नभएको ।

**चूनौतीहरुः** ठुला रुखहरुको कमी र वन डढेलो, अवैध चोरी शिकार र व्यापार, गुलेली प्रयोग तथा पासोमा पार्ने ।

**विविध जानकारीः** उन्नाईसौं शताब्दीमा काठमाडौं उपत्यकामा प्रजनन् गर्थे । नेपालमा यसका दुई उपप्रजातिहरु (spilocephalus and huttoni) पाईन्छन् ।



## लोखर्के उलूक Oriental Scops Owl (Otus Sunia)

**उचाइः** १०० देखि ३६५ मिटरसम्म (२८०० मिटर)

**अनुमानित संख्याः** थाहा नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** तथ्याङ्क कम भएको (Data Deficient)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** कुथ्रुके जस्तो उट्... टुट् ट्रुट् । एक-डेढ सेकेन्डको अन्तरालमा हुने गर्छ । कहिलेकाँही १०० पटक भन्दा बढीसम्म पनि कराउँछ ।



**हालसम्म पाइएका स्थानहरुः** सुनसरी, चितवन, नवलपरासी, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, तनहुँ, बारा, मुस्ताङ, पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज ।

**चिन्ने तरिकाः** यिनीहरु दुई रंगावस्थामा (Morph) पाईन्छन्ः एक कैलो (Rufous) र अर्को फुस्रो



खैरो। कान जुरा प्रष्ट देखिन्छन् भने आँखा पहेंलो र आँखी भौं सेतो हुन्छ। शरीरको तल्लो भाग सेतो हुन्छ, जहाँ काला ठाडा धर्सा र कैला खैरा धब्बाहरु देखिन्छन्। माथिल्लो भागमा मसिना ठाडा काला धर्साहरु हुन्छन्। तालुमा बाक्ला मसिना काला काला ठाडा धर्साहरु हुन्छन्। ढाडको दुवैतिर पखेटामा ठाडा सेता धर्साहरु जसलाई मसिना काला धर्साहरुले विभाजित गरेका हुन्छन्।

**बासस्थान:** चौडापाते घना वनहरु।

**शारीरिक बनोट:** लम्बाई १९ सेमी, तौल ७५ ग्राम देखि ९५ ग्रामसम्म।

**बानी बेहोरा:** दिउँसो बाक्ला रुखहरुको हाँगा वा प्वालहरुमा लुकेर बस्ने यिनीहरु राति सक्रिय हुन्छन्। आराम गर्दा शरीर ठाडो बनाउने, आँखा चिम्लने तथा कानजुरा ठाडो गर्छन् जसले गर्दा यिनीहरुलाई बसेको ठाँउसँग छुट्याउन गाह्रो पर्दछ। पोथीलाई आकर्षित गर्न भालेहरु गुँडको छेउमा गएर मिठो स्वर निकालेर गीत गाउँछन्। यिनीहरुले ३ देखि ४ वटा फुल पार्छन्। पोथी ओथारो बस्दा भालेले नियमित रुपमा आहार ख्वाउने गर्छ। यिनले कीरा र माकुरा मन पराउँछन्। यसका साथै खपटे कीरा, फट्याङ्ग्रा, साना चरा, साना मुसाहरु, छेपाराहरु आदि पनि खाएको पाईएको छ। यिनले उड्दा उड्दै आफ्नो आहारा पक्रन सक्छन्।

**आयु:** थाहा नभएको।

**चूनौतीहरु:** ठुला रुखहरुको कमी र वन डढेलो, अवैध चोरीशिकार र व्यापार, गुलेली प्रयोग तथा पासोमा पार्ने।



## चित्री उलूक Collared Scops Owl (Otus bakkamoena)

**उचाइः** १८५ देखि १५२५ मिटरसम्म

**अनुमानित संख्याः** थाहा नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** अलि दबेको ऊ ऽऽऽ क् ऊ ऽऽऽ क्। ४ देखि ७ सेकेन्डको अन्तरालमा सुनिन्छ। पोथीले आवाज फर्काउँदा अलि मलिन हुन्छ।



**हालसम्म पाइएका स्थानहरुः** ताप्लेजुङ, संखुवासभा, सुनसरी, मोरङ, उदयपुर, चितवन, काठमाडौं, ललितपुर, रसुवा, धादिङ, कास्की, म्याग्दी, कपिलवस्तु, रुपन्देही, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, मकवानपुर, दाङ, बारा, पाल्पा, खप्तड राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज,





लाङटाङ राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, कोशी-टप्पु वन्यजन्तु आरक्ष, मकालु-बरुण राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज।

**चिन्ने तरिकाः** यो उलूक प्रजातिहरु मध्ये सबैभन्दा ठुलो लाटोकोसेरो हो । यिनका आँखाहरु गाढा खैरा हुन्छन् । लामा कानजुराहरुमा मसिना काला थोप्लाहरु देखिन्छन् । कठालो गाढा खैरो र मैलो मैलो हुन्छ। शरीरको तल्लो भागमा काला काला, मसिना ठाडा धर्साहरु हुन्छन्। माथिल्लो भाग फुस्रो खैरो जसमा मसिना तथा ठाडा काला धर्साहरु देखिन्छन् । ढाडको दुवैतिर पखेटामा मैलामैला सेता धब्बाहरु हुन्छन्।

**बासस्थानः** गाउँ नजिकका खुला वन तथा बगैंचाहरु।

**शारीरिक बनोट :** लम्बाई २३ देखि २५ सेमी, तौल १०० देखि १७० ग्राम।

**बानी बेहोराः** राति मात्र सक्रिय हुने यिनले दिउँसो घना पात तथा मसिना हाँगाहरुले ढाकिएका ठाँउमा आराम गर्दछन् । भूँइबाट २ देखि ५ मिटरसम्मको उचाइमा रुखको टोड्कोमा गुँड लगाउँछन् । यिनले ३ देखि ५ वटासम्म फुल पार्दछन् । छेपारा, साना मुसा तथा साना चराहरु मन पराउने यिनले कीरा-फट्याङग्रा, खपटे कीरा आदि पनि खान्छन्।

**आयुः** थाहा नभएको।

**चूनौतीहरुः** गाँउघर वरपरका वन/बगैंचा फँडानी, अवैध शिकार र व्यापार तथा पासो थाप्ने।

**विविध जानकारीः** सन् १९४९ सम्म काठमाडौं उपत्यकामा सामान्य रुपमा पाइने यो चरा हालका वर्षहरुमा देखिन छाडेका छन् । विगत २७ वर्षमा एक पटकमात्र अभिलेख गरिएको छ।



## हिमाली हाप्सिलो Eurasian Eagle Owl (Bubo bubo)

**अन्य नाम:** हुक्पा, हुप्पा

**उचाइ:** ३७०० देखि ५००० मिटरसम्म

**अनुमानित संख्या:** थाहा नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्था:** तथ्याङ्क कम भएको (Data Deficient)

**अन्तर्राष्ट्रिय अवस्था:** कम चासो भएको प्रजाति (Least Concern)

**आवाज:** चर्को, गहिरो अलि लामो वु ऽऽऽऽ हू जुन केही सेकेन्डको अन्तरालमा दोहोरिन्छ।



**हालसम्म पाइएका जिल्लाहरु:** हुम्ला, मुस्ताङ, मनाङ, नुवाकोट।

**चिन्ने तरिका:** ठुला, प्रष्ट र ठाडा कानजुरा। आँखा चहकिलो सुन्तला रंगका हुन्छन्। अनुहार घेरा (Facial Disc) हाप्सिलोको तुलनामा मसिनो तथा अस्पष्ट हुन्छ। तालुमा पातला काला धर्साहरु, शरीरको माथिल्लो भाग कैलोखैरो जहाँ प्रष्ट काला धब्बाहरु देखिन्छन् जुन हाप्सिलोको भन्दा पातला हुन्छन्। छातीतिर अलि मोटा, काला ठाडा



धर्साहरु जुन पेट तथा कोखातिर एकदम मसिना हुन्छन् । तल्लो भागमा मसिना तेर्सा धर्साहरु देखिए पनि उड्दा पखेटाहरुमा पातला र धर्साहरु कम देखिन्छन् ।

**बासस्थान**: हिमाली भिरहरु तथा खुल्ला चट्टानयुक्त क्षेत्र ।

**शारीरिक बनोट**: लम्बाई ५६ देखि ६६ सेमी, तौल २.४ देखि ३ किलोसम्म ।

**बानी बेहोरा**: दिनमा चट्टान तथा भिरहरुमा आराम गर्दछ भने राति तथा बिहान-बेलुकी सक्रिय हुन्छन् । अग्लो ठाँउबाट झुक्याएर शिकार गर्ने गर्दछन् । १ देखि ४ वटासम्म फुल पार्छन् । साना स्तनधारी तथा चराहरुलाई मारेर खान्छन् ।

**आयु**: थाहा नभएको ।

**चुनौतीहरु**: अवैध शिकार र व्यापार, अङ्गहरुको प्रयोग ।

**विविध जानकारी**: नेपालमा पाइने लाटोकोसेरोहरु मध्ये सबैभन्दा ठुलो प्रजाति हो । दक्षिण कोरियामा गरेको एक अध्ययनले यिनको क्षेत्र (Home Range) २८ देखि ४० वर्ग किमिसम्म देखाएको छ। यिनीहरुले २५० भन्दा बढी प्रजातिहरुलाई आहारा बनाएको भेटिएको छ।



## हाप्सिलो Indian Eagle Owl (Bubo bengalensis)

**उचाइः** १५० देखि १८०० मिटरसम्म (२१०० मिटर)

**अनुमानित संख्याः** थाहा नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** संवेदनशील (Vulnerable)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** चर्को र केही लामो उर्र्... वू उर्र्... वू। गुँडमा रहेको बेला भालेपोथीले चूहक् .. चूहक् गरेर आवाज पनि निकाल्ने गर्छन्।



**हालसम्म पाइएका स्थानहरुः** काठमाडौं, नुवाकोट, इलाम, सुनसरी, कास्की, कपिलवस्तु, रुपन्देही, कञ्चनपुर, बैतडी, डढेलधुरा, डोटी, बझाङ, कैलाली, दोलखा, इलाम, बाग्लुङ, धादिङ, बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज।



**चिन्ने तरिकाः** ठुला, प्रष्ट र ठाडा कानजुरा । आँखा चहकिलो सुन्तला रंगका हुन्छन् । अनुहार घेरा (Facial Disc) स्पष्ट कालो, अनुहारमा चिह्नहरु हुदैन । तालुमा बाक्ला काला धर्साहरु हुन्छन् । शरीरको माथिल्लो भाग कैलो खैरो जहाँ बाक्ला प्रष्ट काला धब्बाहरु देखिन्छन् । छातीतिर अलि मोटा, काला ठाडा धर्साहरु जुन पेट तथा कोखातिर एकदम मसिनो हुन्छन् । तल्लो भागमा मसिना तेर्सा धर्साहरु र कैलो खैरो पुच्छरमा काला काला मसिना तेर्सा धर्साहरु देखिन्छन् ।

**बासस्थानः** भिर तथा बस्ती नजिकका वनहरु ।

**शारीरिक बनोटः** लम्बाई ४८.५ सेमी, तौल १ देखि १.५ किलो (पोथी ठूलो हुने)

**बानी बेहोराः** राति सक्रिय हुने यिनीहरु दिनमा भिरका दुलाहरु तथा ढुंगाका थुप्राहरुमा आराम गर्छन् । शिकार गर्न अग्लो ढुंगा, रुख तथा भिरको प्रयोग गर्दछन् । यिनले २ देखि ५ वटासम्म फुल पार्दछन् जसबाट बच्चा निस्कने अवधि ३५ दिन जति हुन्छ । खरायो लगायत साना स्तनधारी मन पराउने यिनीहरुले चरा, मुसा, भ्यागुता, छेपारा आदि पनि खान्छन् । यिनले स्याल तथा रतुवा खाएको पनि अभिलेख गरिएको छ ।

**आयुः** थाहा नभएको ।

**चूनौतीहरुः** अवैध शिकार र व्यापार, अङ्गहरुको प्रयोग ।

**विविध जानकारीः** हाप्सिलोलाई भारतमा तन्त्र विद्यामा तथा चीनमा औषधीको रुपमा प्रयोग गर्न अवैध रुपमा लगिन्छ ।



## महाकौशिक Spot-bellied Eagle Owl (Bubo nipalensis)

**उचाइः** २५० देखि २१५० मिटरसम्म

**अनुमानित संख्याः** नेपालभर ५० देखि २५० सम्म हुन सक्ने

**नेपालमा अवस्थाः** संकटापन्न (Endangered)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** अलि लामो ठुलो आवाजबाट सुरु भएर मलिन हुँदै जाने वुँइये ऽऽऽऽऽऽऽ क् वा ऊँ ऽऽऽऽऽ अ



**हालसम्म पाइएका स्थानहरुः** काठमाडौं, सुनसरी, संखुवासभा, चितवन, कास्की, दाङ, कञ्चनपुर, मकवानपुर, बारा, रौतहट, ईलाम, ताप्लेजुङ, अन्नपूर्ण संरक्षण क्षेत्र, बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज







**चिन्ने तरिकाः** मैलोमैलो सेतो अनुहारमा चिह्नहरु हुदैन। आँखाहरु काला हुन्छन् भने लामा भुवादार कानजुरामा काला तेर्सा धर्साहरु हुन्छन् । ठुँड ठुलो र स्पष्ट पहेंलो देखिन्छ । तालु र गर्धन वरपरको भाग कालो कालो, शरीरको तल्लो भाग सेतो जसमा अंग्रेजी 'भी' (V) आकारका काला काला धब्बाहरु प्रष्ट देखिन्छ, जुन माथिल्लो भागमा अस्पष्ट हुन्छ । माथिल्लो भागमा काला काला मैला तेर्सा धर्साहरु हुन्छन् ।

**बासस्थानः** बाक्ला सदाबहार तथा चौडापाते घना वनहरु ।

**शारीरिक बनोटः** लम्बाई ६३ सेमी, तौल १.३ देखि १.५ किलोग्राम सम्म ।

**बानी बेहोराः** दिनको समयमा बाक्लो पात भएको ठूला रुखमा आराम गरेर बस्ने यिनीहरु राति सक्रिय हुन्छन् । फागुनदेखि वैशाखसम्म रुखका टोड्का, भिरका चिरा तथा अन्य शिकारी चराहरुले छाडेको गुँडमा एउटा फुल पार्ने तथा बच्चा कोरल्ने गर्दछन् । लुइँचे, कालिज तथा मुजुर मन पराउने यसले लोखर्के, खरायो, रतुवा, स्याल आदि पनि खान्छन् ।

**आयुः** थाहा नभएको ।

**चूनौतीहरुः** तीव्र वन विनास, अवैध चोरी शिकार तथा व्यापार, पासोमा पारी मार्ने वा घरमा ल्याएर पाल्ने प्रवृत्ति ।

**विविध जानकारीः** आफ्नो गुँड र बच्चाको सुरक्षार्थ यिनीहरु निकै आक्रामक हुने भएकाले यिनलाई पखेटा भएका बाघ पनि भन्ने गरिएको छ ।



## भासोलूक Dusky Eagle Owl (Bubo coromandus)

**उचाइ**: ७५ देखि ३०० मिटरसम्म

**अनुमानित संख्या**: नेपालभर १० देखि ४० सम्म हुन सक्ने

**नेपालमा अवस्था**: अति संकटापन्न (Critically Endangered)

**अन्तर्राष्ट्रिय अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**आवाज**: आवाज एकनासको कुँर् कुँर् कुँर् कुँर् कुँर्र् हुँदै मलिन भएर जाने।



**हालसम्म पाइएका स्थानहरु**: कैलाली, कञ्चनपुर, कोशी-टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज।

**चिन्ने तरिका**: लामा तथा प्रष्ट देखिने कानजुराहरु एकअर्काका नजिक हुन्छन्। अनुहारमा कुनै चिह्न नहुने फिक्का फुस्रो, आँखाहरु चहकिला र पहेंला हुन्छन्। तालुमा अति मसिना ठाडा काला धर्साहरु,



फुस्रो फुस्रो सेतो तल्लो भागमा काला काला ठाडा र मसिना तेर्सा धर्साहरु पनि हुन्छन् । माथिल्लो फुस्रो फुस्रो खैरो भागमा किरमीर परेका मसिना बुट्टाहरु साथै धमिलिँदै गएका गाढा खैरा ठाडा धर्साहरु देखिन्छन् । ढाडको दुवैतिर पखेटाहरुमा कालो किनार भएको सेतासेता थोप्लाहरु हुन्छन् भने पखेटाको मध्य भागदेखि टुप्पातिर अलि मोटा गाढा फुस्रा तेर्सा धर्साहरु हुन्छन् । शरीरमा कैलो पन नदेखिने, माथिल्लो भाग फुस्रोफुस्रो र गर्धन वरपर पातला धर्साहरुको कारणले यिनलाई मलाहा हुचीलबाट छुट्याउन सकिन्छ ।

**बासस्थान:** प्रशस्त पानी वरपरको वन, घाँस तथा बुट्यान भएको सिमसार, आँपका बगैंचाहरु ।

**शारीरिक बनोट:** लम्बाई ५८ सेमी ।

**बानी बेहोरा:** दिनमा छहारी परेका रुखहरुमा आराम गर्दछन् । बादल लागेको बेला दिनमा पनि शिकार गर्छन् । अरु बेला घाम डुब्नुभन्दा केही समय अघि बाहिर निस्कने गर्छन् । बास बस्न जाने अन्य चराहरुको ढुकेर शिकार गर्छन् । पानी वरपरका अग्ला रुखहरुमा मसिना हाँगाहरु जम्मा गरी गुँड बनाउछन् जुन वर्षौंसम्म प्रयोग गर्दछन् । कहिलेकाँही अरु शिकारी चराले छाडेका गुँडहरु पनि प्रयोग गर्छन् । यिनले १ देखि ३ वटासम्म फुल पार्छन् । यिनले काग, परेवा, सुगा, आसकोटे बकुल्ला, मरुल आदि चराहरु साथै चराका फुलहरु पनि खान्छन् । यसका साथै माछा, मुसा, खरायो, दुम्सी तथा मल्साँप्रो पनि खान्छन् ।

**आयु:** थाहा नभएको ।

**चूनौतीहरु:** वन विनास, सिमसार क्षेत्र मासिनु, विषादीको प्रयोगले आहारा प्रजातिमार्फत असर, अवैध चोरी शिकार तथा व्यापार ।



## मलाहा हुचील Brown Fish Owl (Ketupa zeylonensis)

**उचाइः** ७५ देखि १५२५ मिटर सम्म (१७५० मी)

**अनुमानित संख्याः** नेपाल भर १००० देखि ३००० सम्म हुन सक्ने

**नेपालमा अवस्थाः** संवेदनशील (Vulnerable)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** गहिरो तरिकाले काँपे जस्तो गरी हू हू हू हू हू हू



**हालसम्म पाइएका स्थानहरुः** झापा, इलाम, मोरङ, सुनसरी, चितवन, नवलपरासी, कास्की, लमजुङ, रुपन्देहि, कपिलवस्तु, दाङ, बर्दिया, कैलाली, कञ्चनपुर, हुम्ला, गुल्मी, सुर्खेत, काठमाडौं, दोलखा, धादिङ, पर्सा, धनुषा, डडेल्धुरा, मकवानपुर, रौतहट, पर्सा राष्ट्रिय निकुञ्ज, कोशी-टप्पु वन्यजन्तु आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र।

**चिन्ने तरिकाः** फुस्रो खैरो ठुलो लाटोकोसेरो । कान वरपर काला मसिना धर्साहरु हुन्छन् । घाँटीमा




सेतो, जुन सतर्क भएको अवस्थामा वा कराउँदा अझ प्रष्ट देखिन्छ। शरीरको तल्लो भागमा अति मसिना तेर्सा धर्साहरु र केही मोटा काला ठाडा अनियमित धर्साहरु हुन्छन् । ढाडको दुवैतिर पखेटामा सेता थोप्लाहरु, माथिल्लो भाग हल्का खैरो जहाँ छरिएका साना काला धब्बाहरु हुन्छन्। पखेटा तथा पुच्छरमा चौडा तथा स्पष्ट तेर्सा मोटा धर्साहरु हुन्छन् । कैलो मलाहा हुचीलको भन्दा शरीरमा पातला धर्साहरु हुन्छन् भने सेतो आँखीभौं हुदैंन। ठुँड हल्का फिक्का सेतो र खुट्टामा प्वाँखहरु हुदैनन्।

**बासस्थान**ः पानी वरपरको वन, बगैंचा र रुखले ढाकिएका क्षेत्र।

**शारीरिक बनोटः** लम्बाई ५६ सेमी, तौल १.१ किलो देखि १.३ किलोसम्म।

**बानी बेहोराः** माछामा निर्भर यो प्रजाति अक्सर जोडीमा देखिन्छ । बाक्लो पातले ढाकिएको रुखहरुमा बस्दछ। धुम्म परेको दिनमा पनि सक्रिय हुने यो प्राय साँझ पर्नु निकै अगाडि सक्रिय हुन थाल्छ । ठुला रुखको टोड्का, खोलाका किनारमा रहेका अग्ला ढिस्काका प्वालहरु, तथा अन्य शिकारी चराले छाडेका गुँडहरुमा १ देखि ३ वटासम्म फुल पार्छ र बच्चा कोरल्छ। मुख्य आहारा माछा, भ्यागुता, गंगटा र सर्प भएको यिनले मुसा, खरायो, चरा तथा खपटे कीराहरु पनि खाने गर्दछन्। यिनले खोलाका ढिस्का तथा रुखका हाँगाबाट झम्टिएर शिकार गर्दछन्।

**आयुः** थाहा नभएको।

**चूनौतीहरुः** वन विनास, सिमसार मासिनु, खोला तथा सिमसार क्षेत्रमा विषादी र अन्य तरिकाले माछा लगायत आहारा प्रजातिमा कमी, अवैध व्यापार तथा शिकार, पासोमा पारेर घरमा पाल्ने र मेलाहरुमा प्रर्दशन गर्ने।

**विविध जानकारीः** कहिलेकाँही छिपछिपे पानीमा पखेटाहरु फ्याट्फ्याट् पार्दै खेल्ने गर्छ।



## कैलो मलाहा हुचील Tawny Fish Owl (Ketupa flavipes)

**उचाइ**: २५० देखि ३०५ मिटरसम्म


**अनुमानित संख्या**: नेपालभर २० वटासम्म हुन सक्ने अनुमान

**नेपालमा अवस्था**: अति संकटापन्न (Critically Endangered)

**अन्तर्राष्ट्रिय अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**आवाज**: लामो सुसेली सू ऽऽऽऽऽऽ स्वीईईई





**हालसम्म पाइएका स्थानहरुः** चितवन, मकवानपुर, बर्दिया, कञ्चनपुर, नवलपरासी।

**चिन्ने तरिकाः** कानजुराहरु लामा तथा कालाकाला हुन्छन् । ठुँड मलाहा हुचीलभन्दा ठूलो, पहेंला आँखा, निधार वरिपरिको भाग प्रष्ट सेतो तथा तालुमा काला अनियमित ठाडा धर्साहरु हुन्छन् । एकनासको कैलोकैलो गेरु रंगको शरीर, माथिल्लो भागमा ढाड वरपर अनियमित काला ठाडा धर्साहरु देखिन्छ । ढाडको दाँयाबाँया पखेटाहरुमा काला गोला लाम्चा धब्बाहरु हुन्छन् । पखेटाको टुप्पा लगायत पुच्छरमा अलि मोटा कालाकाला धर्साहरु हुन्छन् । तल्लो भागमा प्रष्ट अनियमित काला ठाडा धर्साहरु तर मलाहा हुचीलको जस्तो मसिना अनियमित तेर्सा धर्साहरु हुँदैन।

**बासस्थानः** खोला-खोल्सा भएका घना चौडापाते वन।

**शारीरिक बनोटः** लम्बाई ६१ सेमी, तौल २.०५ देखि २.६५ किलोसम्म।

**बानी बेहोराः** प्राय एक्लै रहने यिनले सूर्यास्तपछि शिकार गर्छन्। बच्चा कोरल्ने समयमा भने दिउँसो पनि शिकार गर्छन् । यिनले १ देखि २ वटासम्म फुल पार्छन्। मुख्य आहारा माछा, भ्यागुता, गंगटा र सर्प भएको यिनले मुसा, खरायो, चरा तथा खपटे कीराहरु पनि खाने गर्छन्।

**आयुः** थाहा नभएको।

**चूनौतीहरुः** वन विनास, माछा मार्न विष तथा बिजुलीको प्रयोग, अवैध व्यापार।

**विविध जानकारीः** पर्याप्त अध्ययनहरुको कमीको कारण विश्वभर नै यसको अवस्था यकिन साथ भन्न गाह्रो छ।



## सानो डुन्डुल Collared Owlet (Glaucidium brodiei)

**उचाइ**: ६१० (२५०) देखि ३०५० (३५००) मिटरसम्म

**अनुमानित संख्या**: अध्ययन नभएको

**नेपालमा अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**आवाज**: आनन्द लाग्ने टूट् .... टूटूट् ..... टूट्



**हालसम्म पाइएका जिल्लाहरुः** दार्चुला, मुगु, हुम्ला, कास्की, पाल्पा, मुस्ताङ, गोरखा, धादिङ, काठमाडौं, ललितपुर, भक्तपुर, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, पर्सा, चितवन, मकवानपुर, नवलपरासी, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ, दाङ, जाजरकोट, जुम्ला, डोल्पा, गुल्मी, लमजुङ, तेह्रथुम, पाँचथर, इलाम, सुनसरी, धनकुटा, रसुवा, मनाङ, खप्तड राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण





संरक्षण क्षेत्र, पर्सा राष्ट्रिय निकुञ्ज ।

**चिन्ने तरिका**: डुन्डुल जस्तो देखिने तर सानो र तालुमा धर्साहरुको सट्टा मसिना थोप्लाहरु हुन्छन् । आँखीभौँ चौडा र सेतो, टाउको पछाडिका काला धब्बाहरु र कैलोखैरो तथा सेतासेता बुट्टाहरुले गर्दा यसको पछाडी पनि आँखा भएको जस्तो देखिन्छ । कोखाहरुमा पहेंलापहेंला मैला तेर्सा धर्साहरु देखिन्छन् । खैरो ढाड तथा पुच्छरमा मसिना कैलोकैलो तेर्सा धर्साहरु देखिने यिनको तल्लो पेट सेतो हुन्छ ।

**बासस्थान**: चौडापाते तथा कोणधारी वन ।

**शारीरिक बनोट**: लम्बाई १७ सेमी, तौल ५२ देखि ६३ ग्राम ।

**बानी बेहोरा**: प्राय एक्लै बस्ने यिनीहरु साँझ पर्नुअघि सक्रिय हुने गर्छन् । कुथुर्के र लाँहाचेहरुले बनाएको रुखको प्वालहरुमा गुँड लगाउँछन् जहाँ ३ देखि ६ वटासम्म फुल पार्छन् । बच्चा कोरल्ने समयमा दिनरात कराई रहन्छन् । अग्लो ठाँउबाट हेरेर वा सुनेर आहारा पत्ता लगाई शिकार गर्छन् । यिनीहरुले साना मुसा, छेपारो, भालेमुङ्ग्रो, झ्याँउकिरी, खपटे कीरा, कीरा-फट्याङग्रा, साना चराहरु आदि खान्छन् ।

**आयु**: थाहा नभएको ।

**चूनौतीहरु**: वन विनास, चोरी शिकार, पासोमा पार्ने र घरमा पाल्नु ।

**विविध जानकारी**: नेपालमा पाईने लाटोकोसेरो मध्ये यो सबैभन्दा सानो हो । यसले अरु चराहरुलाई मारेर उनीहरुको गुँड ओगट्छ ।



## ठूलो डुन्डुल Asian Barred Owlet (Glaucidium cuculoides)

**उचाइः** २४५ देखि २००० (-२७४५) मिटरसम्म

**अनुमानित संख्याः** अध्ययन नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** सामान्यतया वूँक् वूँक् वूँक् वूँक् वूँक् हुँदै १०-१२ सेकेन्ड जति वूर्र्र्र्र्र्



**हालसम्म पाइएका जिल्लाहरुः** इलाम, कञ्चनपुर, दार्चुला, डडेलधुरा, बैतडी, बाँके, मुगु, कास्की, मनाङ, मुस्ताङ, पर्वत, म्याग्दी, बाग्लुङ, गोरखा, धादिङ, लमजुङ, चितवन, पर्सा, मकवानपुर, रसुवा, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, रामेछाप, सिन्धुपाल्चोक, संखुवासभा, ताप्लेजुङ,



नवलपरासी, दाङ, जाजरकोट, गुल्मी, रुपन्देही, तनहुँ, भोजपुर, सुनसरी, पाँचथर, इलाम, खप्तड राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, गौरीशंकर संरक्षण क्षेत्र, मकालु-बरुण राष्ट्रिय निकुञ्ज ।

**चिन्ने तरिका:** यो डुन्डुल मध्ये सबैभन्दा ठूलो प्रजातिको हो । आँखीभौं अलि मैलोसेतो हुन्छ । छाती र घाँटीतिर कैलाकैला तेर्सा धर्साहरु जसलाई पेटतिर मोटा ठाडा सेता धर्साहरुले विभाजित गर्छन् । तालुमा मसिना तेर्सा धर्साहरु तर बच्चाहरुमा भने थोप्ला हुनेगर्छन् । कालो कालो पुच्छरमा हुने सेता सेता तेर्सा धर्साहरुको आधारमा डुन्डुल तथा सानो डुन्डुल सँग (यिनको भने कैलो कैलो पहेंलो हुने) छुट्याउन सकिन्छ । शरीरका खैरा खैरा तेर्सा धर्साहरु डुन्डुल भन्दा चौडा हुन्छन् । पखेटाहरुमा कैलासेता तेर्सा धर्साहरु हुन्छन् । छाती तथा कोखातिरको तेर्सा धर्साहरु अरु डुन्डुलमा भन्दा मलिन हुन्छन् ।

**बासस्थान:** चौडापाते, कोणधारी तथा खुल्ला वनहरु।

**शारीरिक बनोट:** लम्बाई २३ सेमी, तौल १५० देखि २४० ग्राम ।

**बानी बेहोरा:** दिनमा सक्रिय हुने यिनले खतरा महसुस हुँदा पुच्छर दाँया बाँया चलाउँछन् । उड्दा पानीको छालको चालमा (Undulating) उड्छन् । उच्च ठाँउबाट शिकार खोज्ने र सुन्ने गर्छन् । आवाज निकाल्दा प्वाँख फुलाएर शरीर भकुण्डो जस्तै बनाउँछन् । यिनले अन्य चराहरुले छोडे का प्वालहरुमा गुँड बनाउँछन् । जहाँ ३ देखि ५ वटासम्म फुल पार्छन् । यिनीहरुले खपटे कीरा, झ्याँउकिरी, फट्याङ्ग्रा, मुसा, छेपारा, साना चराहरु आदि खान्छन् ।

**आयु:** थाहा नभएको ।

**चूनौतीहरु:** ठूला रुखहरुको कमी, वन डढेलो, चोरी र शिकार, अवैध व्यापार ।

**विविध जानकारी:** यसले बट्टाईलाई उड्दा उड्दै पक्रेको समेत अभिलेख गरिएको छ ।



## डुन्डुल Jungle Owlet (Glaucidium radiatum)

**उचाइः** ९१५ मिटरदेखि १६०० मिटरसम्म

**अनुमानित संख्याः** अध्ययन नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** कूर्र्र्र्र्र्र्र्र्र कूर्र्र्र्र्र्र्र्र्र कूर्र्र्र्र्र्र्र्र्र कूक् कूर्र्र कूक् हुँदै गएर कूर्कूक् कूर्कूक् मा टुंगिन्छ ।



**हालसम्म पाइएका जिल्लाहरुः** दार्चुला, कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, कास्की, ललितपुर, काठमाडौं, सुनसरी, झापा, मोरङ, उदयपुर, सप्तरी, सर्लाही, रौतहट, मकवानपुर, नवलपरासी, संखुवासभा, दाङ, बाग्लुङ, गुल्मी, कपिलवस्तु, रुपन्देही, बारा, इलाम, ताप्लेजुङ, बर्दिया राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण संरक्षण क्षेत्र, पर्सा राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, शिवपुरी





नागार्जुन राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, मकालु-बरुण राष्ट्रिय निकुञ्ज ।

**चिन्ने तरिकाः** यिनीहरु मध्यम नापको डुन्डुल हुन् । शरीरभर मसिना तेर्सा धर्साहरु हुन्छन् भने सानो तथा ठूलो डुन्डुल जस्तो पेट र कोखाहरुमा मोटा ठाडा धर्साहरु हुँदैनन् । पखेटाहरुमा कैला कैला तेर्सा धर्साहरु, गाढा खैरो पुच्छरमा कैला कैला सेता मसिना तेर्सा धर्साहरु हुन्छन् । पेटतिर अरु डुन्डुलहरुको जति सेतो हुँदैन । कुइना तल कैला (Rufous) साना धब्बाहरु जुन सानो तथा ठुलो डुन्डुलमा हुँदैन ।

**बासस्थानः** खुला चौडापाते तथा हुर्कदैं गरेको वन (Secondary forest) ।

**शारीरिक बनोटः** लम्बाई २० सेमी, तौल ८८ देखि ११४ ग्राम ।

**बानी बेहोराः** यिनीहरु सूर्यास्त पछि सक्रिय हुन्छन्, मौसम धुम्म भयो भने दिउँसो पनि सक्रिय हुन्छन् । दिनको समयमा पातले छेकिएका हाँगाहरु वा प्वालहरुमा आराम गर्छन् । लाहाँचे तथा कुथुर्केहरुले छाडेका गुँडहरुमा २ देखि ४ वटासम्म फुल पार्छन् । यिनका गुँडहरु जमिनबाट ३ देखि ८ मिटरको उचाइसम्म भेटिएका छन् । यसले फट्याङ्ग्रा, सलह, चिप्ले कीरा, छेपारो, मुसा, साना चराहरु आदि खान्छन् ।

**आयुः** थाहा नभएको ।

**चूनौतीहरुः** वन विनास, अवैध चोरी शिकार तथा पासो थाप्ने, गुलेलीले मार्ने ।

**विविध जानकारीः** यो चरालाई चिबे, कोकले, जुरेली, बुङ्गे आदि चराहरुले लखेट्ने तथा दुःख दिने गर्दछन् । यो प्रजातिलाई सबैभन्दा पहिले सन् १८३३ मा स्यामुएल टिकल्सले पत्ता लगाएका थिए ।



## हिमाली कोचलगाँडे Little Owl (Athene noctua)

**उचाइः** २७१५ (२३००) देखि ४९५० मिटरसम्म

**अनुमानित संख्याः** अध्ययन नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** लामो उँ ऽऽऽऽ अ् उँ ऽऽऽऽ अ् र लाँहाचेको जस्तो क्येंक् क्येंक् क्येंक्



**हालसम्म पाइएका जिल्लाहरुः** दार्चुला, हुम्ला, मुस्ताङ, मनाङ, डोल्पा, सोलुखुम्बु, संखुवासभा, ढोरपाटन शिकार आरक्ष, लाङटाङ राष्ट्रिय निकुञ्ज

**चिन्ने तरिकाः** आँखी भौं र घाँटी सेतो हुन्छ । तालुमा स्पष्ट देखिने सेता थोप्लाहरु, शरीरको माथिल्लो भाग गाढा खैरो हुन्छ । ढाड वरपर



तथा ढाड छेउ दुवैतिर पखेटाहरुमा सेता तथा मैला लाम्चा परेको थोप्लाहरु देखिन्छन् भने पखेटाको टुप्पो र पुच्छर खैरो जहाँ कैला मैला तेर्सा धर्साहरु हुन्छन् । उस्तै देखिने कोचलगाँडे लाटोकोसेरो भन्दा ठूलो र तल्लो भागमा थोप्ला तथा धब्बाहरुको सट्टा ठाडा अनियमित धर्साहरु देखिन्छन् ।

**बासस्थानः** हिमाली भेगका समथर भू-भाग, पहराहरु तथा छोडिएका पुराना घरहरु ।

**शारीरिक बनोटः** लम्बाई २३ सेमी, तौल १०५ देखि २६० ग्राम ।

**बानी बेहोराः** सूर्यास्त पछि सक्रिय हुने यिनीहरु बच्चा हुर्काउने बेला दिउँसो पनि सक्रिय हुन्छन् । कहिलेकाँही सानो समूहमा पाइने यिनीहरु प्राय ढुंगा, जमिन तथा ठुटाहरुमा बसेको देखिन्छ । यिनले ३ देखि ६ वटासम्म फुल पार्छन् । शिकार गर्दा अग्लो ठाँउबाट झम्टने र जमिनमा लखेट्ने पनि गर्छन् । यिनले कीरा, फट्याङ्ग्रा, छेपारा, भ्यागुता, मुसा तथा साना चराहरु खान्छन् ।

**आयुः** थाहा नभएको ।

**चूनौतीहरुः** अवैध शिकार तथा व्यापार, अत्याधिक हिमपात, पुराना गोठ तथा घरहरु भत्किनु ।



## कोचलगाँडे लाटोकोसेरो Spotted Owlet (Athene brama)

**उचाइः** ७५ मिटरदेखि १५२५ (२७४५) मिटरसम्म

**अनुमानित संख्याः** अध्ययन नभएको

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** चिर्रर् चिर्रर् चिर्रर् चिर्रर् त्यस्तै चित्कारपूर्ण उचुचुचुचु च्या च्या च्या च्या ।



**हालसम्म पाइएका जिल्लाहरुः** दार्चुला, बझाङ, कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, बाजुरा, बाग्लुङ, स्याङजा, म्याग्दी, कास्की, नुवाकोट, पाल्पा, नवलपरासी, चितवन, कपिलवस्तु, रुपन्देही, दाङ, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, मकवानपुर, धादिङ, गुल्मी, बारा, रौतहट, सुनसरी, धनुषा, महोत्तरी, मोरङ, उदयपुर, झापा, सप्तरी, इलाम, संखुवासभा, खप्तड राष्ट्रिय







निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र, चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज ।

**चिन्ने तरिकाः** यिनको आँखीभौं सेता हुन्छन् । तालुमा सेता थोप्लाहरु, अनुहार खैरोखैरो, घाँटीमा सेतो माला जस्तो धर्सा हुन्छ । गाढा खैरो शरीरको माथिल्लो भागमा सेता मैलामैला थोप्लाहरु हुन्छन् । पखेटाहरुको टुप्पा र पुच्छरमा मैलामैला सेता तेर्सा धर्साहरु हुन्छन् । मैलो मैलो सेतो तल्लो भागमा गाढा खैरो कत्ला जस्तो धब्बाहरु जुन छातीतिर अलि बाक्लो हुन्छ । उस्तै देखिने हिमाली कोचलगाँडेको भने तल्लो भागमा अनियमित गाढा खैरा ठाडा धर्साहरु हुन्छन् ।

**बासस्थानः** मानव बस्ती, बस्ती वरपरका रुख तथा खेतबारी ।

**शारीरिक बनोटः** लम्बाई २१ सेमी, तौल ११० देखि ११४ ग्राम ।

**बानी बेहोराः** लाटोकोसेरोहरु मध्ये सजिलै देखिने यिनीहरु प्राय साँझ तथा राति सक्रिय हुन्छन् । दिनमा जोडी वा पारिवारिक समूहहरुमा आराम गरेर बस्छन् । यिनले रुखका टोड्का, पुराना घरको पालीमुनि तथा पर्खालहरुमा भएका प्वालहरुमा गुँड बनाउँछन् । यिनले ३ देखि ५ वटासम्म फुल पार्छन् । मुख्यतया खपटे कीरा, पुतली, कीरा-फट्याङ्ग्राहरु साथै मुसा, छेपारा, गँड्यौला तथा साना चराहरुको शिकार गर्छन् । अग्ला ठाँउबाट झम्टिनुका साथै हावामै पनि शिकार गर्न सक्छन् । यिनीहरुले रातिको समयमा चहकिला बत्ती वरपर पनि शिकार गर्छन् ।

**आयुः** थाहा नभएको ।

**चूनौतीहरुः** अवैध शिकार तथा व्यापार, पासो थाप्ने, पुराना घरहरु भत्किनु, आहारा प्रजातिमा विषादीको प्रयोग ।



## कालपेचक Brown Hawk Owl (Ninox scutulata)

**उचाइः** ७५ मिटरदेखि १५०० मिटरसम्म

**अनुमानित संख्याः** अध्ययन नभएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** नरम ऊ ऽऽ वूक् ऊ ऽऽ वूक् ऊ ऽऽ वूक् (६ देखि २० पटकसम्म)



**हालसम्म पाइएका स्थानहरुः** इलाम, मोरङ, सुनसरी, उदयपुर, संखुवासभा, कैलाली, मकवानपुर, चितवन, नवलपरासी, कपिलवस्तु, पर्सा, रुपन्देही, दाङ, बारा, बाँके, बर्दिया, कञ्चनपुर, बर्दिया राष्ट्रिय निकुञ्ज, शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज, मकालु-बरुण राष्ट्रिय निकुञ्ज, कोशी-टप्पू वन्यजन्तु आरक्ष ।





**चिन्ने तरिका:** झट्ट हेर्दा बाजजस्तो देखिन्छ । चुच्चोमाथि आँखाको बीचमा सेतोमोटो धब्बा हुन्छ। शरीरको माथिल्लो भाग गाढा खैरो हुन्छ। ढाडको दुवैतिर पखेटाहरुमा सेता थोप्लाहरु जुन सधैं नदेखिन पनि सक्छन्। सेतो तल्लो भागको छातीतिर खैरा मोटा ठाडा धर्साहरु, पेट तथा कोखाहरुमा मुटु आकारका धब्बाहरु देखिन्छन् । अरु लाटोकोसेरो जस्तो अनुहार नदेखिने र प्रजनन् अङ्ग वरपरको भाग सेतो हुन्छ।

**बासस्थान:** पानी तथा बस्ती नजिकका चौडापाते वन जंगल तथा बगैंचाहरु।

**शारीरिक बनोट:** लम्बाई ३२ सेमी, तौल १७० देखि २३० ग्राम।

**बानी बेहोरा:** यिनीहरु एक्लै वा जोडीमा रहन्छन् । साँझ तथा रातमा सक्रिय हुने यी दिनभर रुखको अग्लो भागमा छेकिएर आराम गर्छन् । बादल लागेको बेला भने दिनमा पनि शिकार गर्छन् । यिनीहरुले शिकार गर्ने बेला आफूले प्रयोग गरेको ठाँउमा बारम्बार आउने जाने गर्दछन् । यिनले रुखका टोड्काहरुमा २ देखि ५ वटासम्म फुल पार्छन् । यिनीहरुले मुसा, छेपारा, भ्यागुता, लोखर्के, चरा, चमेरा, निशाचर पुतली, झ्याउँकिरी, गाईनेकीरा तथा फट्याङ्ग्रा आदि खान्छन् ।

**आयु:** थाहा नभएको ।

**चूनौतीहरु:** वन विनास, विषादीको कारणले आहारा प्रजातिमा कमी, अवैध शिकार तथा व्यापार, पासो थाप्ने ।



## चश्मे उलूक Brown Wood Owl (Strix leptogrammica)

**उचाइः** १५० मिटर देखि ३१०० (३३००) मिटरसम्म

**अनुमानित संख्याः** नेपालभर बढीमा ७०० वटासम्म

**नेपालमा अवस्थाः** संवेदनशील (Vulnerable)

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** लामो टाढासम्म सुनिने वू बाट सुरु भएर काँपेको वूवूह् मा अन्त्य हुने ।



**हालसम्म पाइएका जिल्लाहरुः** कञ्चनपुर, काठमाडौं, ललितपुर, धादिङ, मकवानपुर, चितवन, रसुवा, संखुवासभा, सुनसरी, झापा, ताप्लेजुङ, हुम्ला, लमजुङ, नुवाकोट, म्याग्दी, पर्वत, कास्की, इलाम, बर्दिया, खप्तड राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज ।

**चिन्ने तरिकाः** कानजुराहरु नभएको ठुलो नापको,



आँखा वरपर कालो, आँखीभौं सेतो हुन्छ । अनुहारको दुवैतिर कैलाकैला सेता अर्ध गोलाकार मोटा धर्साहरु देखिन्छन् । चिउँडो कालो र घाँटीमा सेतो हुन्छ । शरीरको माथिल्लो भाग तथा तालु गाढा खैरो हुन्छ । ढाडको दुवैतिर पखेटाहरुमा सेता सेता छड्के धर्साहरु देखिन्छन् । मैलोमैलो सेतो तल्लो भागमा मसिना खैरा तेर्सा धर्साहरु हुन्छन् भने छातीमा गाढा खैरोखैरो मोटो माला जस्तो देखिन्छ ।

**बासस्थान:** घना चौडापाते तथा कोणधारी वन ।

**शारीरिक बनोट:** लम्बाई ४७ देखि ५३ सेमी, तौल ८०० देखि ११०० ग्राम ।

**बानी बेहोरा:** रातमा सक्रिय हुने यिनीहरु दिउँसो ठूला रुखहरुमा आराम गर्छन् । साँझमा पनि कहिले काहीँ देखिन्छन् । खतरा भएमा शरीर खुम्चाएर सानो बनाउँछन् वा उडेर जंगल भित्रभित्रै जान्छन् । ठूला रुखका टोड्का, दुलाहरु, भिर तथा ठूला ढुङ्गाहरुको खाल्टोमा गुँड लगाउँछन् । यिनले २ वटासम्म फुल पार्छन् । चमेरो लगायत साना स्तनधारीहरु, कालिज लगायतका चराहरु, छेपारा र कहिलेकाँही माछासमेत खान्छन् ।

**आयु:** थाहा नभएको ।

**चूनौतीहरु:** वन विनास (वन डढेलो, ठूला रुखहरु मासिने आदि), अवैध चोरी शिकार तथा व्यापार ।



## कैलो पहाडी उलूक Himalayan Wood Owl (Strix (aluco) nivicolum)

**उचाइ**: २००० देखि ४००० मिटरसम्म

**अनुमानित संख्या**: अध्ययन नगरिएको तर घट्दै गएको अनुमान

**नेपालमा अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**अन्तर्राष्ट्रिय अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**आवाज**: ठूलो स्वरमा छोटो ऊ ऊ



**हालसम्म पाइएका जिल्लाहरु**: हुम्ला, जुम्ला, मुगु, डोल्पा, म्याग्दी, बाग्लुङ, मनाङ, मुस्ताङ, रसुवा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ, गुल्मी, तेह्रथुम, इलाम, खप्तड राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र, लाङटाङ राष्ट्रिय निकुञ्ज, गौरीशंकर संरक्षण क्षेत्र ।

**चिन्ने तरिका**: शरीर छिर्के मिर्के हुन्छ । काला आँखा वरपर सेता आँखिभौंसँग जोडिएर तालुतिर







गएका दुई सेता धर्साहरु हुन्छन् । तालुको मध्य भागमा ठाडो कालो धर्सा हुन्छ । अनुहारको दुवै तिर कैला कैला वा खैरा खैरा अर्ध गोलाकार मोटा धर्साहरु हुन्छन् । तल्लो भागमा बाक्ला अनियमित ठाडा तथा तेर्सा धर्साहरु देखिन्छन् । ढाडका दुवैतिर पखेटाहरुमा सेता लामा थोप्लाहरु हुन्छन् । यिनीहरु चश्मे उलूक भन्दा सानो हुन्छन् ।

**बासस्थानः** चौडापाते, कोणधारी तथा बस्ती वरपरका खुला वन ।

**शारीरिक बनोटः** लम्बाई ४१ सेमी, तौल ३२५ देखि ७१६ ग्राम ।

**बानी बेहोराः** रातमा सक्रिय हुन्छन् । हाँगामा पातहरुको बीचमा थोरै छेकिएर बस्दा रुखको भाग जस्ता लाग्छन् । अग्लो ठाँउबाट हेरेर वा सुनेर शिकार गर्दछन् । यिनले १ देखि ८ वटासम्म फुल पार्छन् । यिनीहरुले मुसा, चरा (साना लाटोकोसेरोहरु समेत), छेपारो, लोखर्के, खपटेकीरा तथा अन्य कीरा-फट्याङग्राहरु खान्छन् ।

**आयुः** थाहा नभएको ।

**चूनौतीहरुः** अवैध चोरी शिकार तथा व्यापार, पासो थाप्ने ।



## कब्रार लाटोकोसेरो Mottled Wood Owl (Strix ocellata)

**अन्य नाम:** कुँईटा

**उचाइ:** १२० मिटरसम्म

**अनुमानित संख्या:** थाहा नभएको

**नेपालमा अवस्था:** तथ्याङ्क नभएको (Data Deficient)

**अन्तर्राष्ट्रिय अवस्था:** कम चासो भएको प्रजाति (Least Concern)

**आवाज:** काँपेको जस्तो वूवू वूवू वू ऽऽऽ हू



**हालसम्म पाइएका जिल्लाहरु:** चितवन, नवलपरासी, बर्दिया।

**चिन्ने तरिका:** आँखाहरु काला हुन्छन् । आँखा वरीपरीको घेरा सिम्रिक राता हुन्छन् भने आँखीभौंहरु छोटा सेता हुन्छन् । कालोकालो चुच्चो, चिउँडो मुनि तेर्सो प्रष्ट सेतो धब्बा हुन्छ । तालु देखि गर्धन सम्म कैलो पृष्ठ भूमिमा काला तथा

सेता छिर्केमिर्के थोप्लाहरु देखिन्छन् । ढाडदेखि पुच्छरको टुप्पोसम्म छिर्केमिर्के बुट्टा तथा तेर्सा धर्साहरु हुन्छन् । शरीरको तल्लो भागमा मसिना तेर्सा धर्साहरु देखिन्छन् ।

**बासस्थानः** खुला वनजंगल तथा बस्ती वरपर ठूला रुख भएका बगैंचाहरु ।

**शारीरिक बनोटः** लम्बाई ४८ सेमी, तौल थाहा नभएको ।

**बानी बेहोराः** साधारणतया बेलुकीपख तथा राति सक्रिय हुन्छन् । पातहरुले ढाकिएका हाँगाहरुमा आराम गर्ने यिनीहरु जोडी वा समूहमा देखिन्छन् । रुखको टोड्कामा गुँड बनाउने यिनले २ देखि ३ वटासम्म फुल पार्छन् । यिनीहरुले मुसा, खरायो, लोखर्के, चराहरु, छेपारा तथा कीरा फट्याङ्ग्राहरु खान्छन् ।

**चूनौतीहरुः** ठूला रुखहरुको कमी, वन डढेलो, अन्धविश्वासको कारणले गाँउ नजिक आउन नदिने ।

**विविध जानकारीः** यिनका चौध वटा उपप्रजातिहरु अभिलेख गरिएको छ ।

# लामकाने लाटोकोसेरो Long-eared Owl (Asio otus)

**उचाइः** थाहा नभएको

**अनुमानित संख्याः** थाहा नभएको

**नेपालमा अवस्थाः** थाहा नभएको

**अन्तर्राष्ट्रिय अवस्थाः** कम चासो भएको प्रजाति (Least Concern)

**आवाजः** नरम ऊ ऽऽ ह् ऊ ऽऽ ह्



**हालसम्म पाइएका जिल्लाहरुः** थाहा नभएको ।

**चिन्ने तरिकाः** लघुकर्ण लाटोकोसेरो भन्दा ठाडा र लामा कानजुरा भएको यिनको अनुहारको दुवै तिर कैलाकैला पहेंला अर्ध गोलाकार मोटा धर्साहरु हुन्छन् । आँखाहरु रातोरातो सुन्तला रंग (लघुकर्णको पहेंला) हुन्छन् । शरीरभर बाक्ला ठाडा धर्साहरु जुन माथिल्लो भागको तुलनामा तल्लो भागमा प्रष्ट देखिन्छ । माथिल्लो भागमा कालो, खैरो, फुस्रो, सेतो, सुन्तला रंग मिश्रित बुट्टाहरु हुन्छन् । उड्दा पखेटाहरु गोलाकार तथा कुहिनामा प्रष्ट भएपनि कालो धब्बा हुदैन । पुच्छर छोटो हुन्छ ।

**बासस्थानः** होचा रुख भएको बगैंचा तथा कोणधारी वन ।

**शारीरिक बनोटः** लम्बाई ३५ देखि ३७ सेमी, तौल २१० देखि ४३० ग्राम ।

**बानीबेहोराः** साँझ तथा राति सक्रिय हुन्छन् । बसेको बेलामा पातलो तथा अगाडि झुकेको जस्तो देखिन्छ । झाडीहरु भित्र सजिलै उड्न सक्छन् । हावामा अडिँदै उड्ने गर्छन् । आराम गर्दा शरीर तन्काएर रुखसँगै टाँसिएर बस्ने हुँदा रुखकै भाग जस्तो देखिन्छन् । अरु चराहरुले छाडेका गुँडहरु प्रयोग गर्ने यिनले भिर तथा जमिनमा विरलै गुँड बनाउँछन् । यिनले ३ देखि ८ वटासम्म फुल पार्छन् । मुसा, लोखर्के, चराहरु आदि खाने यिनले कहिले काँही सर्प र भ्यागुताको पनि शिकार गर्छन् ।

**चूनौतीहरुः** थाहा नभएको ।

**विविध जानकारीः** यसलाई नेपालको लागि फिरन्ते (Vagrant) र बसाईसराई गरी आउने (Passage Migrant) प्रजाति भनेर सुचीकृत गरेको छ ।



# पिङ्गल लाटोकोसेरो Oriental Bay Owl (Phodilus badius)

**उचाइ**: यो प्रजाति पाइने देशहरुमा २०० देखि २३०० मिटरसम्म

**अनुमानित संख्या**: थाहा नभएको

**नेपालमा अवस्था**: थाहा नभएको

**अन्तर्राष्ट्रिय अवस्था**: कम चासो भएको प्रजाति (Least Concern)

**आवाज**: सुसेली हाले जस्तो वू वू वू वू वूह वूह



**हालसम्म पाइएका जिल्लाहरु**: १९ औं शताब्दीमा अभिलेख भएपछि हालसम्म नभेटिएको ।

**चिन्ने तरिका**: पानको पात आकारको फुस्रो गुलाबी अनुहारमा ठूलाठूला काला आँखा हुन्छन् । दुवै आँखाको तल खैरा धब्बाहरु देखिन्छन् । पहेंलो पहेंलो गुलाबी चुच्चो, चुच्चोको फेदबाट तालु तिर अंग्रेजी 'भी' आकारका सेता सेता धर्साहरु देखिन्छन् । खैरा खैरा ठाडा आँखी धर्साहरु हुन्छन् । घाँटीमा सेतो माला जस्तो, माथिल्लो भाग चहकिलो कटुस रातो जसमा मसिना सेता काला थोप्लाहरु हुन्छन् । फुस्रोफुस्रो सेतो गुलाबी तल्लो भागमा, विशेषतः छाती र कोखातिर छरिएका काला थोप्लाहरु हुन्छन् । पञ्जा बाहेक खुट्टाको सबै भाग मसिना प्वाँखले ढाकेको हुन्छ ।

**बासस्थान**: सदाबहार चौडापाते घना जंगल ।

**शारीरिक बनोट**: लम्बाई २३ देखि २९ सेमी, तौल २५५ देखि ३०८ ग्राम ।

**बानी बेहोरा**: राति सक्रिय हुन्छन् । दिउँसो देख्न असाध्यै गाह्रो हुन्छ । अनुहार खुम्चाएर स्वरुप नै परिवर्तन गर्न सक्छन् । जमिनदेखि २ मिटर माथि सम्मको उचाईमा आराम गर्दछन् । रुख तथा ठुटाका टोड्काहरुमा गुँड लगाउँछन् । यिनले ३ देखि ५ वटासम्म फुल पार्छन् । यिनीहरु पानी भएको क्षेत्रलाई रुचाउँछन् । मुसा, सर्प, छेपारा, चराहरु, खपटेकीरा लगायतका विभिन्न कीरा-फट्याङ्ग्रा खान्छन् । यसका छोटा पखेटा र पुच्छरले गर्दा झाडीभित्र शिकार गर्न मद्दत पुर्‍याउँछ ।

**चुनौतीहरुः** वन विनास ।

**विविध जानकारी**: भारतको सिक्किम तथा पश्चिम बंगाल राज्यमा पाइने हुँदा नेपालका सुदूर पूर्वी जिल्लाहरुमा भेटिने सम्भावना भएको ।



## References

Duncan, J.R. 2003. Owls of the world. Firefly books, USA.

Grimett, R., Inskipp, C., Inskipp, T. and Baral, H.S. 2003. Nepalka Charaharu (in Nepali). Bird Conservation Nepal, Nepal.

Grimett, R., Inskipp, C., Inskipp, T. and Baral, H.S. 2016. Birds of Nepal. Christopher Helm, UK.

Grimett, R., Inskipp, C. and Inskipp, T. 2011. Birds of the Indian Subcontinent. Christopher Helm, UK.

Inskipp, C., Baral, H. S., Phuyal, S., Bhatt, T. R., Khatiwada, M., Inskipp, T., Khatiwada, A., Gurung, S., Singh, P. B., Murray, L., Poudyal, L. and Amin, R. 2016. The status of Nepal's Birds: The national red list series. Zoological Society of London, UK.

Morris, D. 2009. Owls. University of Chicago Press, USA.

Rasmussen, P. and Anderson, J.C. 2005. Birds of South Asia. The Ripley Guide. Smithsonian Institutions and Lynx Edicions, USA.

### Websites referred:

www.owlpages.org

www.birdlife.org

www.iucnredlist.org




लघुकर्ण लाटोकोसेरो

# लेखकहरुको बारेमा

## सोम जिसी

चितवन जिल्ला, रत्ननगर नगरपालिका-६ निवासी जिसी चरा तथा संरक्षण प्रेमीबीच परिचित नाम हो । उनले अग्रेंजी साहित्यमा स्नातक गर्नुका साथै पंक्षी विज्ञान विषयमा बेलायतबाट तालिम प्राप्त गरेका छन्  । नेपालका ६३ जिल्ला तथा २७ वटा देश पुगेका उनले चरामा आधारित पर्यापर्यटन प्रवर्द्धनका लागि २३० भन्दा बढी भ्रमणहरू गराईसकेका छन् । नेपाल बाहिरको भ्रमणका बेला २० भन्दा बढी देशमा नेपालका चराहरूका अवस्था र स्थितिमाथि प्रकाश पार्ने काम गरेका छन् । चराका अवस्था, स्थिति, पहिचान र संरक्षणका क्षेत्रमा विगत २० वर्षदेखि यिनको यात्रा अनवरत छ । हाल प्रकृतिका साथीहरुसँग आबद्ध यिनी दर्जनभन्दा बढी संघसंस्थामा स्वयंसेवी भएर काम गरिसकेका छन् ।



## राजु आचार्य

कास्की जिल्ला, पोखरा-लेखनाथ महानगरपालिका-१३ निवासी आचार्य विगत २७ वर्षदेखि प्रकृति संरक्षणका कार्यमा संलग्न छन् । वातावरण व्यवस्थापन, वन व्यवस्थापन र कृषि वनमा स्नातकोत्तर गरेका यिनले ब्वाँसो, जंगली चौरी, चिर कालिज, हिमाली गिद्ध, मानिस वन्यजन्तु सम्बन्ध, वन्यजन्तुको अवैध चोरीशिकारी अदिबारे अध्ययन गरेका छन् । लोप भएको अनुमान गरिएको सुनौलो बिरालो, जंगली चौरीगाई, घोवा तथा वनगधा खोजमासमेत उनको संलग्नता रहेको थियो ।  विगत ९ वर्षदेखि लाटाकोसेराको अध्ययन, अनुसन्धान र संरक्षणमा संलग्न छन् । सोही कामको लागि यिनले अमेरिकाबाट सन् २०११ मा स्पेसल एचिभमेन्ट पुरस्कार पाएका थिए । हाल प्रकृतिका साथीहरु संस्थाका कार्यकारी निर्देशकको रुपमा कार्यरत यिनी विश्व लाटाकोसेरो कोष, बेलायतका नेपाल प्रतिनिधिसमेत हुन् । उनका चरा सम्बन्धी दुइवटा पुस्तिकाहरु र ७ वटा वैज्ञानिक शोधपत्र, दर्जनौं अन्य लेखहरु प्रकाशित छन् ।



## यादव घिमिरे

स्थायी रुपमा दोलखा जिल्ला, गौरिशंकर गाँउपालिका-२ निवासी घिमिरे हाल मध्यपुर ठिमी बस्छन् । भौतिक शास्त्रमा स्नातक, वातावरण व्यवस्थापनमा स्नातकोत्तर र अक्सफोर्ड विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय वन्यजन्तु संरक्षण अभ्यास विषयमा पोस्ट ग्र्याजुएट डिप्लोमा गरेका छन् । यिनी वन बिरालाहरु (विशेषगरी ध्वाँसे चितुवाको अनुसन्धान र संरक्षण), साना माँसाहारी, वन चौरी, ब्वाँसो, गिद्ध, मानव वन्यजन्तु द्वन्द्व विषयमा गहिरो रुचि राख्छन् । हाल उनी अन्तर्राष्ट्रिय संरक्षण संघ अन्तर्गत बिरालो तथा साना मांसाहारी विशेषज्ञ समूहमा सदस्य छन् । लोप भएको अनुमान गरिएको सुनौलो बिरालो र जंगली चौरीगाई खोजमा नेतृत्वदायी भूमिका रहेको थियो । विगत ९ वर्षदेखि लाटोकोसेरो तथा हुचीलको अध्ययन, अनुसन्धान र संरक्षणमा संलग्न उनी हाल प्रकृतिका साथीहरु संस्थामा निर्देशकको (वन्यजन्तु अध्ययन र संरक्षण इकाई) रुपमा कार्यरत छन् । उनका तीनवटा वैज्ञानिक लेख र दर्जनौं अन्य लेखहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा प्रकाशित छन् ।



किताब सम्बन्धी सुझाव तथा सल्लाहको लागीः


**प्रकृतिका साथीहरु**

पो.ब.ः २३४९१, काठमाडौं, नेपाल

इमेलः naturesfren@yahoo.com

वेबः www.fonnepal.org

फेसबुकः www.facebook.com/fonnepal2005



कोचलगाँडे लाटोकोसेरो



हाप्सिलो



मलाहा हुचील


गोठे लाटोकोसेरो





नेपालमा लाटोकोसेरो तथा हुचील संरक्षणमा प्रकृतिका साथीहरु संस्थाले हरेक वर्ष आयोजना गर्ने नेपाल लाटोकोसेरो तथा हुचील उत्सवले महत्वपुर्ण भूमिका खेल्दै आएको छ।



कोचलगाँडे लाटोकोसेरो